# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# भजनी नगरपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा ,दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३५७ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
भजनी नगरपालिका कैलाली।

**कैफियत सहितको राय**

हामीले **भजनी नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.५ करोड ७३ लाख १९ हजार बेरुजु देखिएको छ। सो मध्ये मिति २०७९।२।२६ मा प्राप्त प्रतिक्रियाबाट रु.३१ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.१ करोड ४६ लाख ४१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ७६ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १४ लाख ४४ हजार र पेश्की रू ३५ लाख ४३ बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.२५ करोड ७२ लाख ४४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१९ करोड ४४ लाख ५६ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## भजनी नगरपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७२ | ६६ | ५७३१९ | ० | ६ | ३१ | ७१ | ६० | ५७२८७ | १४६४१ | ११४४४ | २७६५८ | ० | ० | ५३७४४ | ३५४३ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २५७२४४ | ० | १२०८५६ | १३६३८८ | ७८१ | ५७२८७ | १९४४५६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भजनी नगरपालिका, कैलाली , भजनी नगरपालिका , कैलाली

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुर्य बहादुर सिंह | २०७८-१२-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | धर्मराज विनाडी | २०७७-१२-८ | |
| कार्यालय प्रमुख | हरिराम चौधरी | २०७७-४-१ | |
| लेखा प्रमुख | निर्प राज भट्टराई | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५७,३१९,३४९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०,५५,८८,३९८.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,४९,०२,८१० | **चालु खर्च** | ३१,५०,२७,४२० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५४,०१,५०६ | **पूँजीगत खर्च** | १७,९२,९३,९८५.७ |
| **राजश्व बाँडफाँट** | ११,३६,२२,५७८.२३ | **वित्तीय/अन्य व्यवस्था** | २४,०४,०३,०२५.२ |
| **आन्तरिक आय** | २,४३,०६,४८३.९५ | | |
| **अन्य आय** | २२,६२,९२,६५३ | | |
| **कुल आय** | ८१,४५,२६,०३१.१८ | **कुल खर्च** | ७३,४७,२४,४३०.९ |
| **बाँकी मौज्दात** | | १८,५३,८९,९९९.४६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत 9 वडा, ४९ सभा सदस्य १७६.२५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५१८४५ जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१२।११ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **लेखापरिक्षणको क्रममा असुली**<br>प्रशिक्षक भत्ता बढी भुक्तानी रकम रु.१२९१०।- , खरिद इकाइको वैठक भत्ता वापतको रकम रु.३९००००।-, दोहोरो अतिथि सत्कार खर्च भुक्तानी रकम रु.६९८८०।- बढी भ्रमण खर्च रकम भुक्तानी रु.५००००।- समेत जम्मा रु.५२२७९०।- मिति २०७८।१२।८ मा असुल दाखिला भएको छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ४.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>•. स्थानीयसरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन, .<br>• स्थानीयसरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन<br>• . जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन,<br>• . सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,<br>•. अधुरा आयाोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन ,<br>•. पालिका कार्यालयले बैक हिसाव मिलान गरेको देखिएन,<br>•. पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन, · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो, ·<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन, ·<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको, ·<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको , ·<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा से अनुसार गरेको पाईएन,<br>·• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको .....जनाको दरबन्दी रहेकोमा ..... दरबन्दी रिक्त रहेको पाईयो,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितण मुखि रहेको पाईयो ,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१. कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको ।<br>२.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।<br>३. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ।<br>४ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको ।<br>समग्र कारोवार एउटै सफ्टवेरबाट नभएको कारण नगरपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ४.३ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः स**वारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७७।७८ मा भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन । अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ । • म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ । | |
| ५ | | | **मलेप फारम प्रयोग नभएको**<br>राजश्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका म ले प फारामहरु प्रयोग गर्नु पर्दछ ।राजश्व तर्फ म ले प फारमहरु १०१ देखि ११५ सम्म तोकिएका छन् ।जस अनुसार म ले प फा नं १०२,दैनिक राजस्व खाता १०५, राजश्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजश्वको बैंक हिसाब मिलान विवरण १०९, राजस्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फाराम ११२, राजस्व/आम्दानीको केन्द्रीय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन ।राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुले उपरोक्त फारमहरु प्रयोग गरेको पाइएन ।तोकिएका म ले प फा नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नु पर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **आन्तरिक लेखापरीक्षण** – स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर नगरपालिकाले अन्तर सरकारी बित्तिय खर्च तर्फको कारोबारको आन्तरिक लेखापरीक्षण को.ले.नि.का. बाट गराए पनि अन्य बजेट शिर्षकको लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| ६.२ | | | **रकमान्तर :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐन २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन ।यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ३ करोड १२ लाख ७१ हजार अर्थात कुल बजेट रू ६५ करोड.१ लाख ९५ दहजारको. ४।८० प्रतिशत रकमाान्तर गरी खर्च गरेको छ र सोको लागी नगसभाको स्वीकृर्ति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु २४६९२२९२।६३ राजस्व बाँडफाँड र अनुदानबाट रु ५३१९०९३३०,६८ समेत रु ५५६६०१६२३।३१ आम्दानी भएकोमा चालु तर्फ रु ३१५०२७४१९।३१ र पूँजिगत तर्फ रु १७९२९३९८५।६९ गरी रु ४९४३२१४०५।७७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।४९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू १२६०४८०० खर्च भएको छ जुन आन्तरिक आयको ५१।०४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३।७२ प्रतिशत चालु र ३६।२७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६.४ | | | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६.५ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३३५१७९३५।०० | २५१८२७६५।०० | ५।०९ |
| २ | पूर्वाधार विकास | २१९१४३३५३।०० | १३२९९४४६४५।६ | २६,९० |
| ३ | सामाजिक विकास | २६७७२२३४९।०० | २२५९५४१३।६ | ४५।७ |
| ४ | बातावरण तथा विकास | १२३३०५८।०० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२५३४४८५।०० | १०८०९२६९।०० | २।१८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०७२६९९०८।०० | ९५७३९४९३।४६ | १९।३६ |
| **जम्मा** | | **६५१४२१०८८** | **४९४३२१४०५।७७** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४५।७० प्रतिशत र बातावरण तथा विकास मा सबै भन्दा घटीमा ०।० प्रतिशत रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.७ | | | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । रू हजारमा | |

| **क्र.स.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| | चालु खर्चतर्फ | ३१५०२ | ६८४२३ | ९१७२३ | १५४८८० | ७७०७५ |
| | पूँजिगत खर्चतर्फ | १७९२९३ | १७७९५ | ४७६४१ | ११६८५७ | ८२६६३ |
| | जम्मा | ४९४३१३ | ८३२१८ | १३९३६५ | २७१७३७ | १५९७३८ |
| | प्रतिशत | | १७।९२ | २८।१९ | ५४।९७ | ३२।३२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४९४३१३ भएकोमा प्रथम चौमासिकमा रु. ८३२१८ अर्थात १६।८४ प्रतिशत, दोश्रो चौमासिकमा रु १३९३६५अर्थात २८।१९प्रतिशत र तेश्रो चौमासिकमा रु २७१७३७ अर्थात ५४।९७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १५९७३८ अर्थात ३२।३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **वित्तीय विवरण परिक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **वित्तीय विवरणः** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • सुत्रको कोष प्राप्ति र अनुसुची आम्दानी तथा मौज्दातमा एकरुपता देखिदैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ७.२ | | | **जिम्मेवारी फरक परेकोः** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहले उपलब्ध गराएको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९२८३००७०.० रहेकोमा सुत्रको फाराम २७२ मा गत वर्षको अल्या रकम जम्मा रु. ६११९०२०.७२मौज्दात देखिन्छ भने पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा रु. रु.१०५५८८३९८.७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१२७५८३२८.७ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ७.३ | | | **बैक हिसाब मिलान नगरेकोः** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । अषाढ मसान्तमा श्रेस्ता अनुसार र वैंक स्टेटमेण्ट बमोजिम देहायअनुसार रु. ४०७९८६११.० बैंक बढी फरक परेको सम्मबन्धमा बैक हिसाब मिलान विवरण तयार गरि एकिन गर्नुपर्दछ । | |

| क्र सं | खाताको नाम | श्रेस्ता अनुसार २०७८।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७८।३।३१ को बाँकी | भुक्तानी दिन/आम्दानी बाँध्न बाँकी विवरण | फरक |
|---|---|---|---|---|---|
| 1 | आन्तरिक राजश्व खाता | 0 | 24533184.95 | ० | -२४५३३१८५ |
| 2 | बाँडफाँडबाट प्राप्त राजश्व खाता | 0 | 4694554.61 | ० | -४६९४५५५ |
| 3 | आन्तरिक अनुदान खाता | 36141500 | 3270200 | ० | ३२८७१३०० |
| 4 | चालु खर्च खाता-जोर बर्ष | 22565906.04 | 1819719.22 | ९६३७४१९ | ३०३८३६०६ |
| 5 | | 3573352 | 43122134.89 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुजीगत खर्च खता-जोर वर्ष | | | २१११७५१८ | -१८४३१२६५ | |
| | | | 6 | स्थानीय तह संचित कोष खाता | 54730399.9 | 115649001.4 | ० | -६०९१८६०२ | |
| | | | 7 | विविध खर्च खाता | 15914627 | 12014627 | ६८७८९ | ३९६८७८९ | |
| | | | 8 | स्थानीय तह धरौटी खाता | 7771198.72 | 6293074.72 | १४७८१२४ | ० | |
| | | | 9 | स्थानीय तह विविध कोष खाता | 10360435 | 10467785 | ७३५० | -१००००० | |
| | | | 10 | स्थानीय तह विभाज्य कोष खाता | 10000 | 10000 | ० | ० | |
| | | | 11 | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | 4123287 | 6404741.88 | २९३६७५५ | ६५५३०० | |
| | | | | जम्मा | १५५१९०७०५.७ | २२८२७९०२३.७ | ३५२४५९५५ | -४०७९८६११ | |
| ७.४ | १२१० | २०७८-३-२० | **कर्मचारी कल्याण कोषः** –१२१०-३।२०- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कोष संचालन कार्यविधि तयार नगरी एकमुष्ट रुपमा रकम निकासा गरेको देखिन्छ । नगरपालिका अन्तर्गतका कर्मचारीको स्थानीय सरकार सञ्चालन ऐन लागु हुनु पुर्वको दायित्व एकिन गरि रकम निकासा गर्ने तथा सो अवधि पछिको लागि कर्मचारीको मासिक तलबबाट कट्टी गरि सोही अनुसार थप गरि कोष सञ्चालन गर्नुपर्दछ । | | | | | | |
| ८ | | | **संगठन व्यवस्थापन तथा सेवा प्रवाह** | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १७७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सिनियर डिभिजन इन्जिनियर, जनस्वास्थ्य अधिकृत, लेखा अधिकृत, आलेप अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| ८.२ | | | **कर्मचारी करारः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ८२ जना कर्मचारीहरु करारमा राखि रु.२०६५४२८०.० खर्च लेखेको छ। कार्य बोझको विश्लेषण गरी व्यवस्थापन सर्भेको आधारमा कानून बमोजिम मात्र कर्मचारी भर्ना गर्नुपर्नेमा यसरी करार कर्मचारी राख्नु उचि देखिदैन। अत यसरी करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ८.३ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ७ वटा ऐन, ६ वटा नियमावली र २७ वटा निर्देशिका/कार्यबिधि/मापदण्ड स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | **०** |
| जन्मदर्ता | २६०० |
| मृत्युदर्ता | ४८२ |
| बसाईसराई दर्ता | ४५० |
| विवाह दर्ता | ८५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>११</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>३.११५ कि.मी.</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>-</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>४५ कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>-</td></tr>
<tr><td>ट्र्याक खोल्ने</td><td>१० कि.मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अवस्था सन्तोषजनक देखिएन ।</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ देखि २ लाख सम्म</td><td>रु २ देखि ५ लाख सम्मका</td><td>रु ५ देखि १० लाख सम्मका</td><td>रु १० देखि ५० लाख सम्मका</td><td>जम्मा</td></tr>
<tr><td>१०५</td><td>८९</td><td>९०</td><td>५७</td><td>४८</td><td>३८९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२० हजार देखि रु.१ करोड ५७ लाख ३६ हजार सम्मका जम्मा ३८९ वटा योजनाहरु संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुमा कुल १७५ शिक्षक दरवन्दी रहेकोमा १७५ जना पदपूर्ति भएको र पदपुर्ती मध्ये ८८ जना करारमा कार्यरत रहेको र जम्मा विद्यार्थी संख्या १०१९४ रहेको विवरण प्राप्त भएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरि अध्यापन सुचारु गर्नुपर्दछ । | |
| ९.२ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११ (ज) अनुसार माध्यमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको अधिकार क्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ९.३ | | | **निजि विद्यालय अनुगमन मापदण्डः** पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण, निजी विद्यालय शुल्क निर्धारण गरेको छैन र निजि विद्यालयले निर्धारण गरेको शुल्क तथा त्यहाँको शैक्षिक गुणस्तरका सम्बन्धमा अनुगमन गरेको छैन । निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी शुल्क र शैक्षिक गुणस्तर कायमका लागि निरन्तर अनुगमन गर्नुपर्दछ । | |
| ९.४ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका बिद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा निमयन सम्बन्धि कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन समबन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन भए नभएको देखिने अवस्था एकिन हुन नसकेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **कानुन निर्माण एवं कार्यान्वयन** | |
| १०.१ | | | **कानून र सञ्चालन स्थितिः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ६ वटा नियमावली, २० कार्यविधि लगायत ४० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | **न्यायीक समितिः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १५ र यो बर्ष थप भएको ५६ गरी कुल ७१ विवाद दर्ता भएकोमा ४९ वटा मात्र फछ्र्यौट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **खरिद ब्यवस्थापन** | |
| ११.१ | | | **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति<br>४. सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति<br>माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्य प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनुपर्ने ब्यवस्था छ । यस कार्यालयदारा आर्थिक बर्ष २०७७।७८ मा संचालित वा बिगत आ.वा.बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन । कार्यालयेले अधिकांश योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सहि गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन । नगरपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ११.२ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यावसायीबाट आपर्ति गरेका अधिकाशं तथा उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अत नगरपालिका कार्यालयले आपुर्ति गरेका समान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनतर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | **म्याद थप**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायी,आपुर्तिकर्ता,सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै समबन्धित सार्वजनिक निकायमा अवधि थपको लागी निबदेन दिनु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यलयमा गत बिगत देखि सम्झौता भई हालसम्म सम्झौता बमोजिमका कार्य सम्पन्न हनु नसकी बाकी रहेका निर्माणका कार्यहरुको निर्माण ब्यवसायीले सो अवधि भित्र निबदेन नदिएको अवस्थामा समेत अधिकाशंको नगरपालिकाले एकमुष्ट रुपमा पटक पटक निर्णय गराई म्याद थप गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था प्रकृया पुरा नगरी म्याद थप गर्दा बिगत देखिका योजनाहरु सम्पन्न हुन नसकेको देखिन्छ भने अर्कोतर्फ निमार्ण ब्यावसायीको ढिलाईको कारणले गर्दा सम्पन्न नभएका योजनाहरुबाट पूर्वनिर्धारीत क्षेतिपुर्ति लिन नसकिने अवस्था देखियो । अत नगरपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था कार्यान्वियन गर्न तर्फ ध्यादिनु पर्दछ । केही उदाहरण निम्न छन | |

| भौचर न. | योजनाको नाम | आर्थिक बर्ष | पार्टीकोनाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६६।२०७७।९।२७ | वडा न. ९वडा कार्यालय भवन निर्माण | २०७६।७७ | पवन कन्स्टकशन | ३४६०८९४ | म्याद सकिएको २ दिन पछी निबदेन दिएको |
| २१।२०७८।३।३ | कालापाता देखि हुलाकी सडक सम्म स्तरोन्ती | २०७७।७८ | चन्द्रोदय ने. से. | १००७३१० | |
| ८।२०७७।६।१ | नगरपालिका नयाँ भवन निर्माण | २०७५।७६ | रिया कनस्टकशन | ९४६७३२७ | |
| ५९।२०७७।९।२७ | थापापुर स्वास्थ्य चौकी भवन निर्माण | २०७६।७७ | रिया कन्स्टकशन | १८३५१४९ | |
| ९७।२०७७।१०।१९ | न. ७ व८ कार्यालय भवन निर्माण | २०७६।७७ | २०७६।७७मेल्टा कन्स्टकशन | २०८४७९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.४ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिर्ताको प्रर्बद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।अत नगरपालिका कार्यालयले सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १२ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक विल, भर्पाइ र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । पेश्की बाँकी रकम समयमा नै फछ्यौंट गर्नुपर्ने रु. | ३,५४३,५३९ |

| क्र.सं. | पेश्की प्रयोजन | पेश्की लिनेको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| १ | जैविक कृषि उत्पादन गर्न प्रोत्साहनका लागि कृषक पाठशाला संचालन कार्यक्रम | ना.प्रा.स. दिनेश कुमार चौधरी | २०००००.० | - |
| २ | सुधारका लागि ४ वटै स्वास्थ्य संस्थाका स्वास्थ्य आमा समुहका लागि विविध कार्यक्रम | जनस्वास्थ्य अधिकृत श्री किर्ति सिं वि.के. | २०००००.० | - |
| ३ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन, सुदृढिकरण तथा समिक्षा | जनस्वास्थ्य अधिकृत श्री किर्ति सिं वि.के. | ३५००००.० | - |
| ४ | उच्च जोखिममा रहेका समुदायमा विरामी खोजपड्ताल कार्यक्रम | जनस्वास्थ्य अधिकृत श्री किर्ति सिं वि.के. | ५००००.० | - |
| ५ | कुष्ठरोगको विरामी, परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको निरन्तरता | जनस्वास्थ्य अधिकृत श्री किर्ति सिं वि.के. | १०००००.० | - |
| ६ | जुनोटिक रोग सम्बन्धि स्कुल प्रशारण शिक्षा कार्यक्रम | पशु सेव प्रविधिक श्री त्रिलोक नाथ चौधरी | ९००००.० | - |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | भजनी न.पा.को शैक्षिक योजना निर्माण | शिक्षा अधिकृत श्री देवराज अवस्थी | ३५००००.० | - | |
| | | | ८ | वडा नं. ७ को वडा कार्यालय निर्माण | मेल्टा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | ८१९५१८.० | - | |
| | | | ९ | वडा नं. ७ को वडा कार्यालय निर्माण | मेल्टा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | ३१९५१८.० | - | |
| | | | १० | सहरी स्वास्थ्य केन्द्रको भवन निर्माण वडा नं. ८ | ध्रुवतारा निर्माण सेवा | १५२०००.० | - | |
| | | | ११ | सहरी स्वास्थ्य केन्द्रको भवन निर्माण वडा नं. ८ | ध्रुवतारा निर्माण सेवा | १५२०००.० | - | |
| | | | १२ | तुम्नही नाला कल्भर्ट निर्माण | वि.एस. कन्ष्ट्रक्सन | (८९९००.०) | - | |
| | | | १३ | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण | देविम विल्डर्स | ३७८२७९.० | - | |
| | | | १४ | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण | देविम विल्डर्स | १६००००.० | - | |
| | | | १५ | पदाधिकारी कल्याण कोष खर्च (बिमा) | सिटिजन लाईफ इन्स्योरेन्स कम्पनी ली. | २३७१२४.० | - | |
| | | | १६ | सवारी साधन मर्मत खर्च | फरहरी थारु | ७५०००.० | - | |
| | | | जम्मा | | | ३५४३५३९.० | | |
| १३ | | | **विपद व्यवस्थापन कोष**<br>विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ व २०७७।७८ मा रु७९६४४७१। विपद व्यवस्थापन कोषको रकम खर्च गरेकोमा कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन ।ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **जिन्सी निरीक्षण प्रतिवेदन**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४, ५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ ।कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार २२ किसिमका १३१ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, ८ किसिमका ४८ सामाग्रीहरु जस्तै एल ई डी डिस्पले, डेस्कटप कम्प्यूटर , ल्यापटप, सेन्ट्रिफ्यूज मेसिन लगायतका सामान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने र विभिन्न भवन, पालिका तथा वडाको जग्गाको जग्गाधनी प्रमाणपूर्जा बनाउनको लागि आ व २०७८।७९ कार्यपालिकाले निर्णय गरेको छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत तथा लिलाम गरेको पाइएन ।उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ ।कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारीसाधन वा मालसमानको जिन्सीमा अद्यावधिक गरेको पाइएन । | |
| १५ | | | **सार्वजनिक सम्पत्तिको अभिलेख**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैन । भण्डार शाखा अनुसार पालिका भित्रको २ बिघा जग्गा अतिक्रमण भई मानिसहरुको बसोबास रहेको छ । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नपर्दछ । | |
| १६ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कोभिड व्यवस्थापनको लागि करारमा ३ जना कर्मचारीहरु करारमा कार्तिकदेखि चैत्रसम्म राखि रु.३५२८२६। खर्च लेखेको छ । कोभिड व्यवस्थापन प्रयोजनार्थ क्वारेटाइन तथा आइसोलेसनमा राखेको करार कर्मचारीहरु चैत्र सम्म राखेको देखियो । कार्तिक पश्चात क्वारेन्टाईन तथा आइसोलेसन बन्द रहेको अवस्थामा पनि मंसिर देखि चैत्रसम्म रु.२८४५४३।करार वापत तलब भुक्तानी भएको पाइयो । साथै ति कर्मचारीहरुको नियुक्ति प्रकृया सम्बन्धि अभिलेख प्राप्त हुन नसकेकोले के कसरी भएको हो भनी एकिन हुन सकिएन । क्वारेन्टाईन एवम् आईसोलेसन संचालन नभएको अवधिमा पनि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु | २८४,५४३ |
| १७ | | | **जिन्सी लगत खाता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | कोभिड खर्च | |

**कोभिड खर्च**

(क) कोभिड १९ बाट उत्पन्न परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्यबाट श्रोत व्यवस्थापन गरी क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन, गाडी भाडा, जनशक्ति परिचालन कोभिड सम्बन्धि सुचना प्रकाशन, औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री सोझै खरिद कोभिड भत्ता, आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन टिकापुर अस्पताल, कोरोना बिमा र स्वास्थ्य पूर्वाधार निर्माण ५ बेडको अस्पतालमा खर्च गरेको छ ।प्रकोप व्यव्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ। एकमुष्ठ रुपमा खर्च देखाइएको उक्त रकम कहाँ कहाँ कसरी खर्च भएको हो खुल्दैन ।अतः एकिन नगरी हुने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।कोभिड कोषमा संघीय सरकार र आफ्नो निकायबाट अनुदान पटक पटक प्राप्त भएकोमा सो को निकायगत प्राप्ति एवं शीर्षकगत खर्चको विस्तृत विवरण नगरपालिकाले तयार गरेको छैन ।औषधि खरिद, अन्य संस्थालाई गरेको सहयोग र क्वारेन्टिन सञ्चालन खर्च लगायतका शिर्षकगत पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन । पालिकाबाट कोभिड बिरामी संख्या विवरण प्राप्त नभएकोले प्रति बिरामी कति खर्च भएको हो तथा कोभिड शिर्षकमा भएको खर्च सम्बन्धमा यकिन हुन सकिएन ।

| आम्दानी | रकम | खर्च शीर्षक | खर्च रकम |
<tr><td>७</td><td>लिखिराम चौधरी</td><td>का.स.</td><td>४००.०</td><td>४८००.०</td></tr>
<tr><td>८</td><td>लाल बहादुर बस्नेत</td><td>का.स.</td><td>४००.०</td><td>४८००.०</td></tr>
<tr><td>९</td><td>लेख राम चौधरी</td><td>का.स.</td><td>४००.०</td><td>४८००.०</td></tr>
<tr><td>१०</td><td>असर्फी लाल चौधरी</td><td>का.स.</td><td>४००.०</td><td>४८००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४००.०</td><td>४८०००.०</td></tr>
</table>

</td><td>४८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td>२८७</td><td>२०७७-६-३०</td><td>न्यायिक परामर्श<br>पालिकाले सेवा परामर्श कार्यक्रम अन्तर्गत कानूनी परामर्शको लागि कानुनी सल्लाहाकारको रुपमा श्री हरिराम श्रीपाइलीलाई नियुक्त गरि मासिक रु.२००००.० मा कामकाजमा लगाइ राखेको अवस्थामा न्यायिक समितिमा कानुनी परामर्श तथा राय प्रदान गरेबापत ६ दिनको लागि रु.४१०००.० र यातायता खर्च वापत ३ दिनको रु.१५०००.० अधिवक्ता गम्भिर सिंह ऐरलाई रु.५६०००.० भुक्तानि दिएको छ । पालिकाले नियुक्त गरेका कानुनी सल्लाहाकारबाट कामकाज नगराई वाहिरबाट काम गराउनु पर्ने कारण स्पष्ट नगरि वाहिरबाट कार्य गराइ भुक्तानी भएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.</td><td>५६,०००</td></tr>
<tr><td>३४</td><td>४१३</td><td>२०७७-८-१८</td><td>बढी भ्रमण भत्ता भुक्तानी<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ६(१) अनुसार सरकारी कामको सिलसिलमा मुलुकभित्र भ्रमण गर्दा भ्रमण गर्न टीकट खरिद गर्नु पर्ने भएमा टिकट खरिद गर्दा लागेको रकम भुक्तानी दिइने उल्लेख छ । पालिकाले श्रोतव्यक्ति श्री राजकिशोर लालकर्णलाई शिक्षकको तलबी प्रतिवेदन पारित गराउन राष्ट्रिय किताबखाना जाने प्रयोजनको लागि मिति २०७७।८।३ देखि ऐ.९ सम्मको भ्रमण आदेश स्वीकृत गरि पठाएकोमा भजनी देखि काठमाडौँ सम्मको यातायात खर्च वापत रु.२१००.० का दरले आउँदा जाँदाको रु.४२००।० भुक्तानी गर्नुपर्नेमा रु.८४००.० भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.४२००.० असुल दाखिला गर्नुपर्ने रु.</td><td>४,२००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>बैठक भत्ता<br>पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । उक्त ऐनमा पदाधिकारीलाई कार्यपालिका र सभाको बैठक बाहेक अन्य वैठक उपलब्ध गराउन मिल्ने व्यवस्था भएको देखिदैन । त्यस्तै अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१ अनुसार प्रयोजन खुल्ने गरि मात्र वैठक वस्ने, कानुन बमोजिम गठन भएका र एकै निकायका मात्र पदाधिकारी/कर्मचारी नभएको वैठकमा मात्र बैठक भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ । ऐन तथा निर्देशिका विपरितको बैठक भत्ता भुक्तानीलाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>भौ.नं.</th><th>शिर्षक</th><th>प्रयोजन</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३३४-७।१८</td><td>अन्य भत्ता</td><td>स्वा.चौ. भवन निर्माण उजुरी छानविन समिति</td><td>८ जना ३ बैठक</td><td>३६०००.०</td></tr>
<tr><td>८०४-११।१९</td><td>अन्य भत्ता</td><td>स्थानिय तह मल वितरण व्यवस्थापन समिति</td><td>८ जना ६ बैठक</td><td>४८०००.०</td></tr>
<tr><td>११८१-३।१८</td><td>पदाधिकारी वैठक भत्ता</td><td>नगर शिक्षा समित</td><td>२३ जना ४ बैठक</td><td>७८०००.०</td></tr>
</table></td><td>४५९,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ११८१-३।१८ \| पदाधिकारी वैठक भत्ता \| स्थानीय तहस्तरिय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति \| १४ जना ३ बैठक \| ३७५००.० | |

| | | | | |
|---|---|---|---|---|
| ११८१-३।१८ | पदाधिकारी वैठक भत्ता | दिवाखाजा व्यवस्थापन उपसमिति | ११ जना १ वैठक | १६५००.० |
| ११८२-३।१ | पदाधिकारी बैठक भत्ता | कृषि व्यवसाय प्रर्वर्द्धन समिति | ११ जना ७ बैठक | ७२०००.० |
| १२६६-३।२३ | पदाधिकारी वैठक भत्ता | उद्यम विकास समिति | १४ जना ६ बैठक | ६९०००.० |
| १२६७-३।२३ | पदाधिकारी वैठक भत्ता | सामाजिक विकास समितिको | १२ जना २ दिन | २३०००.० |
| १२८८-३।२५ | करार सेवा शुल्क | भुमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति | १५ जना ४ बैठक | ५५५००.० |
| १३३४-३।२९ | पदाधिकारी बैठक भत्ता | रोजगार स्थानीय निर्देशक समिति | ९ जना २ दिन | २४०००.० |
| जम्मा | | | | ४५९५००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | १३५९ | २०७८-३-३० | **नगर सभामा खटिएका कर्मचारीलाई प्रोत्साहन भत्ता**<br>नगर सभा नगर पालिकाको नियमित कामकाजको विषय भएको तथा उक्त नगर सभाको लागि राजश्व परामर्श समिति, विधायन समिति, आर्थिक समितिले नियमित रुपमा बैठक बसी बैठक भत्ता भुक्तानी लिइ सकेको अवस्थामा नगरसभाका खटिने कर्मचारीलाई प्रोत्साहन स्वरुप पालिकाका ३२ जना कर्मचारीलाई १ महिना बराबरको रु.८४०४०१.० भत्ता भुक्तानी गरेको छ । सभामा खटिने कर्मचारीले अतिरिक्त समयमा कामकाज गरेको विवरण उल्लेख नभएको तथा सम्बन्धित विषयगत समिति क्रियाशिल भइ काम गरिरहेको अवस्थामा पालिकाका कर्मचारीलाई थप प्रोत्साहन भत्ता उपलब्ध गराएकोले विना आधार प्रोत्साहन भत्ता भुक्तानी भएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु. | ८४०,४०१ |
| ३७ | ४७ | २०७८-३-२५ | **आधार नखुलाई भत्ता भुक्तानी**<br>सामुदायिक पशुहरुलाई व्यवस्थापन, नस्ल सुधार परिजिवी नियन्त्रण वन्ध्याकरण मिनिरल व्लक वितरण कार्यक्रमको रु.४२५०००.० पेश्की रकम हरिलाल जैशिले फछ्र्योट गर्दा फिल्ड सर्वेक्षण बापत सर्वेक्षकलाई डोर हाजिर भराइ सर्वेक्षण वापतको रकम भुक्तानी भएकोमा श्री हरिलाल जैशी र त्रिलोक नाथ चौधरी लाई ९ दिन सर्वेक्षण गरेको भनि १३५००.० मा रु.२०२५.० करकट्टी गरि रु.११४७५.० का दरले रु.२२९५०.० भुक्तानी भएकोमा निजहरुले के कार्य गरेको एकिन विवरण संलग्न नगरि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | २२,९५० |
| ३८ | | | **सवारी शुल्कमा जरिवाना**<br>पालिकाले समयमा नै कार्यालयमा रहेका सवारी साधन नविकरणको लागि कार्य गर्न नसक्दा यस आर्थिक वर्षमा पालिकालाई देहायबमोजिम सवारी निवकरणमा जरिवाना लागेको छ । जसबाट पालिकालाई रु.१२८००.० थप व्यायभार परेको देखिन्छ । समय भित्रै सवारी साधन नवीकरण नगरी जरिवाना वापतको रकम रु.१२८००।- नियमसम्मत मान्न नसकिएको रु. | १२,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सवारी साधन नं. | किसिम | नविकरण शुल्क जरिवाना सहित | जरिवाना रकम | | |
| | | | | से-१- ग-८० | सरकारी | १८०००.० | ३०००.० | | |
| | | | | से-१-ग-८० | नविकरण | १६००. | ८००. | | |
| | | | | से-१-ग-१३५ | सरकारी | १८०००.० | ३०००.० | | |
| | | | | से-१-ग-१२५ | नविकरण | १६००.० | ८००.० | | |
| | | | | से-१-ब-२३७ | सरकारी | ३०००.० | ५००.० | | |
| | | | | से-१-व-२३७ | नविकरण | ४००.० | २००.० | | |
| | | | | से-१-ब-२६८ | नविकरण | ४००.० | २००.० | | |
| | | | | से-१-ब-२६८ | सरकारी | ३०००.० | ५००.० | | |
| | | | | से-१-ब-३७५ | नविकरण | ४००.० | २००. | | |
| | | | | से-१-ब-३७५ | सरकारी | ३०००.० | ५००.० | | |
| | | | | से-१-ब-५६८-५६९ | सरकारी | ९४५०.० | ४५०.० | | |
| | | | | से-१-ब-९८५-९९४ | सरकारी | २६२५०.० | १२५०.० | | |
| | | | | से-१-ब-११६६-११६७ | सरकारी | ६०००.० | १०००.० | | |
| | | | | से-१-ब-११६६-११६७ | नबिकरण | ८००.० | ४००.० | | |
| | | | | | जम्मा | ९१९००.० | १२८००.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **मागमा आधारित व्यावसायिक तालिम**<br>कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको लाभ लागत, कार्यक्रममा सहभागि को हुने, सहभागि गराउने आधार के हुने लगायतको निर्धारण गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले विदेशबाट फर्किएका ५ जना युवाहरु (पशुपंक्षी व्यावसायका लागि मागमा आधारित गाइ, भैसि, बाख्रा, बंगुर, कुखुरा आदि) कार्यक्रमको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णय र सम्झौता अनुसार यज्ञ वहादुर धामी, बिर बहादुर चौधरी, मष्ट एग्रो फर्म, लक्ष्मी वाख्रा पालन फर्म र सेती एग्रो फर्मलाई जनही रु.१८००००.० का दरले रु.९०००००.० भुक्तानी गरेको छ। फर्म दर्ता गरी व्यावसायिक रुपमा कृषि तथा पशुपालन व्यावसायमा लागेको फर्मलाई अनुदान दिनुपर्नेमा पालिकाले सोझै २ जना व्यक्तिलाई पनि रकम भुक्तानी दिएको छ। भुक्तानी रकम सवै खोर निर्माणमा खर्च गरेको विल भर्पाइ पेश भएको छ। फर्म छनौट हुने आधार एकिन नगरि सम्झौता र विल भर्पाइको आधारमा कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, अनुगमन प्रतिवेदन नै संलग्न नगरी रकम भुक्तानी भएको देखिन्छ। अतः उक्त फर्म छनौट हुने आधार तथा खर्च रकमको कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, अनुगमन प्रतिवेदन पेश गर्नपर्ने रु. | ९००,००० |
| ४० | ८०६ | २०७७-११-१९ | **भजनि क्लवद्वारा फुटवल प्रतियोगिता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले भजनी क्लब भजनीलाई खेलकुद कार्यक्रमको लागि वडा नं. २ को सिफारिसको आधारमा रु.२१८१५७।–रकम भुक्तानी गरेको छ। कार्यक्रम सञ्चालन गर्ने प्रस्तावनाका आधारमा अग्रिम रुपमा शर्त र सम्झौता तय सम्झौता रकम मात्र भुक्तानी दिनुपर्नेमा सो वेगर कुनकुन खेलकुदका क्रियाकलाप सञ्चालन भएको होसोको विवरण, उपस्थिति विवरण, लगायतको विवरण समेत संलग्न नगरि क्लवले पेश गरेको विलको आधारमा रकम भुक्तानी गरेको छ। कार्यक्रम सञ्चालन गर्ने सम्झौता, कार्यादिश र कार्यक्रम सञ्चालन भएको देखिने समग्र प्रतिवेदन गर्नुपर्ने रु. | २१८,१५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **अन्य कार्यालयको खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| **क्र स** | **कार्यलय वा संस्थाको नाम** | **कामको प्रकृतिको** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | इलाका प्रशासन कार्यालय | गाडी मर्मत | ५६०११.० |
| २ | इलाका ट्राफिक कार्यालय | ट्राफिक विट निर्माण | १०७२२३.० |
| ३ | अस्थायी प्रहरी चौकी झलझलिया | चौकी मर्मत | ९७८१५.० |
| ४ | सशस्त्र प्रहरी वल नेपाल वि.ओ.पी. पगियापसार | निर्माण | ९००००.० |
| ५ | सशस्त्र प्रहरी वल नेपाल वि.ओ.पी. कालापातल | टन्ट्र निर्माण | ९००००.० |
| ६ | सशस्त्र प्रहरी वल नेपाल वि.ओ.पी. हलौनधाट | निर्माण | ८७३००.० |
| ७ | प्रेस संगठन नेपाल | - | ४५०००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**गत आ.व.को भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले देहायबमोजिमको भुक्तानी रकमको दायित्व विगत आर्थिक वर्षमा नै सिर्जना भएकोमा भुक्तानी वाँकी विवरण तयार नगरी रु.८२३५०.० भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.</th><th>भुक्तानी लिनेको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२७-५। २५</td><td>घरधनी श्री नरेन्दर थापा</td><td>आषाढ महिनाको छूट घरभाडा रकम भुक्तानी</td><td>२२०५०.०</td></tr>
<tr><td>२</td><td>२३६-६। २३</td><td>श्री राम औतार डगौरा</td><td>वडा नं. १ सरसफाई बापतको २०७७ आषाढ महिनाको छुट ज्याला भुक्तानी</td><td>१२१५०.०</td></tr>
<tr><td>३</td><td>२३७-६। २३</td><td>सरसफाइ सेवा शुल्क</td><td>वडा नं.७ सरसफाई बापतको २०७७ बैशाख महिनाको छुट ज्याला भुक्तानी</td><td>१२१५०.०</td></tr>
<tr><td>४</td><td>६०-५। ३०</td><td>नगर प्रमुख सहित १४ जना</td><td>गहुँ ब्लक, तरकारी पकेट र बदाम पकेट कार्यक्रम अनुगमन भत्ता भुक्तानी भ्रमण आदेश अनुगमन प्रतिवेदन नभइ माइन्यूटका आधारमा खर्च</td><td>३६०००.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८२३५०.०</td></tr>
</table>

</td><td>८२,३५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **प्रविधि हस्तान्तरण कार्यक्रम**<br>गरिवि नीवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को बुँदा नं.४०(३) मा प्रविधि हस्तान्तरण कार्यक्रममा उद्यमिलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले उद्यमिलाई आपुर्तिकर्ताले कवोल गरेको कुल अंकको २० प्रतिशत रकम जम्मा गर्न लगाइ बढीमा ८० प्रतिशत मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले निर्देशकाले गरेको व्यवस्था विपरित देहायबमोजि शतप्रतिशत रकम भुक्तानी गरेकोले निर्देशिकाले तोके भन्दा बढी भुक्तानी लिनेबाट असुल गर्नुपर्ने रु.<br><br>भौ.नं. \| भुक्तानी लिने \| जम्मा रकम \| २० प्रतिशतले हुने रकम<br>४०६-३।३० \| जानकी फर्निसिङ्ग एण्ड इन्टरप्राइजेज \| ४६८९५.० \| ९३७९.०<br>४०९-३।३१ \| अधिकृत छैठौ रेखा चौधरी \| २४००००.० \| ४८०००.०<br>जम्मा \| \| २८६८९५.० \| ५७३७९.० | ५७,३७९ |
| ४४ | | | **छाडा चौपाया तथा कान्जी हाउस व्यवस्थापन कार्यक्रम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा हेरालु ज्याला वापत रु.७९३०८०.०, गौसाला निर्माण वापत रु.२८३२०२.०, भुसेला नर्माण वापत रु.२८८००.० समेत जम्मा रु.११०५०८२.० खर्च गरेको छ । यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा खर्च भएको देखिन्छ । पालिका अन्तर्गत सञ्चालित काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा उक्त काञ्जि हाउसबाट संकलित पशु मल, दुधजन्य सामाग्री विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ४५ | | | **बाल विकास केन्द्र संचालन**<br>साविक जिल्ला शिक्षा कार्यालयबाट पालिकामा ४८ वाल विकास केन्द्र स्वीकृत भइ सञ्चालन रहेको र हाल पालिका भित्र ९३७ जना वालबालिका बाल विकास केन्द्रमा अध्यायनरत रहेको विवरण पेश भएकोमा प्रति वाल विकास सहजकर्ता १९.५ विद्यार्थी अनुपात शिक्षा मन्त्रालयको मापदण्ड अनुसार रहेको अवस्थामा दरबन्दी मिलान, विद्यालय संचालन व्यवस्थापन कार्यविधि पनि निर्माण नगरी बाल बिहानी बालबिकास केन्द्र संचालन गरी बाल विकास सहजकर्ताको पारिश्रमिक वापत रु.७८०००.० भुक्तानी गरेको छ । यसरी पालिकाले स्वीकृति दिइ सञ्चालनमा रहेको बाल विकास केन्द्रको सञ्चालन मापदण्ड के हुने भन्ने सम्बन्धमा पालिका अनविज्ञ छ । उक्त बालविकास केन्द्रलाई सहयोग गरिराख्नु पर्ने हो होइन निर्क्यौल गरि गर्नुपर्ने भएमा कसरी सञ्चालन गर्ने सो सम्बन्धमा कानुन निर्माण गरेर मात्र सञ्चालन अनुमति प्रदान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | १००३ | २०७८-१-१५ | **कर्मचारी पिकनिक खर्च**<br>विविध खर्च कार्यक्रमबाट नयाँ वर्षको अवसरमा सुभकामना तथा कर्मचारि पिकनिक कार्यक्रमको लागि कुनै निर्णय नै नगरि रु.५७६०५.० खर्च गरेको छ । यसरी पिकनिक खर्च लेख्न नमिल्नेमा भुक्तानी भएको रकम नियमसम्मत मान्न नसकिएको रु | ५७,७०५ |
| ४७ | १२८९ | २०७८-३-२५ | **उपभोक्ता समितिको निर्वाचनमा खर्च**<br>पालिकाले भजनी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारी निर्वाचनको लागि बैठक भत्ता, खाजा खर्च, मतदानस्थल निर्माण खर्च वापत विल भर्पाइको आधारमा विविध शिर्षकबाट रु.६०७६०, सेवा र परामर्श शिर्षकबाट रु.६०७६०.० समेत जम्मा रु.१२१५२०.० हरिलाल जैशीलाई भुक्तानी गरेको छ । खानेपानी उपभोक्ता समिति आफैमा एक स्वतन्त्र निकाय भएकोमा निर्वाचनको लागि कर्मचारीलाई सहयोग गर्न खटाई खाजा खर्च, बैठक भत्ता तथा मतदान स्थल निर्माण गर्नको लागि रकम खर्च गरेको कार्यलाई नियमसम्मत मान्न नसकिएको रु. | १२१,५२० |
| ४८ | | | **कार्यक्रम तथा अनुगमन तुलना**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा कार्यलयबाट सञ्चालन हुने विभिन्न वितरण मुखि कार्यक्रममा वडा कार्यालयमा कार्यक्रम गरि सामाग्री वितरण गर्ने अनि अनुगमन भत्ता वापत कार्यक्रम खर्चको २० प्रतिशत सम्म खर्च गर्ने गरेको देखिन्छ । जसबाट सानो बजेटका वितरणमुखि कार्यक्रम छनौट गर्ने तथा त्यसमा पनि अनुगमन भत्ता वितरण गर्दा कार्यक्रम प्रभाबकारी नहुने हुँदा यस्ता कार्यक्रममा नियन्त्रण गर्नुपर्दछ । जसका केहि उदाहरण देहायबमोजिम छन् । | |

| भौ.नं. | कार्यक्रम | जम्मा खर्च | अनुगमनमा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १२२४-३।२१ | हजार दिने आमालाई पोषण सम्बन्धी सचेतना मुलक कार्यक्रम वडा नं. ६ | ६००००.० | १२०००.० | २०% |
| १२२४-३।२१ | राहत तथा उद्वार सामाग्री वितरणः-वडा नं. ६ | १०००००.० | ९०००.० | ९% |
| १३२३-३।२९ | कृषक समुहलाई मौसमी तथा बेमौसमी तरकारीको विउविजन वितरण कार्यक्रमः- वडा नं.६ | ७५०००.० | १०५००.० | १४ % |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४९ | ८२८ | २०७७-११-२५ | **मेलमिलाप सम्बन्धि आधारभुत तालिम**<br>अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यक्रम संचालन निर्देशिका २०७५ को वुदा नं. ७.१.१५ अनुसार नगरपालिका स्तरमा सञ्चालन हुने सहायक स्तरको तालिम तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षक भत्ता १ घण्टा ३० मिनेटको एक सेशनको रु.१५००.० (कार्यपत्र सहित) उपलब्ध गराउन सकिने व्यवस्था छ । सहायक चौथो श्री चिरञ्जिवी प्रसाद उपाध्याय रु.४९३००९.० पेश्की फछ्र्यौट गर्दा निर्देशिका विपरित मिति २०७७ माघ २७ देखि फाल्गुण ४ सम्म सञ्चालन भएको मेलमिलाप सम्बन्धी आधारभुत तालिम कार्यक्रममा प्राकृतिक स्रोत द्वन्द रुपान्तरण केन्द्र नेपालका श्री चुप बहादुर थापासँग सम्झौता गरि ४८ घण्टा (४४ सेशन) को लागि प्रतिशेसन रु.४७००.०, यातायात खर्च वापत एकमुष्ठ रु.१००००.० र खाना वस्ने सुविधा उपलब्ध गराउने गरि सम्झौता गरेको छ । सम्झौता अनुसार प्रशिक्षण भत्ता रु.१७५७८०.०, यातायात खर्च रु.१००००.० र होटल बास खर्च रु.१५६००.० समेत जम्मा रु.२०१३८०.० भुक्तानी भएको छ । निर्देशिका अनुसार एउटा सेशन कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था भएकोमा ४८ घण्टाको तालिममा जम्मा ३२ सेशन मात्र हुनुपर्नेमा ४४ भएकोले १२ सेशनको रु.४७००.० दरले रु.४७९४०.० (करकट्टी पछिको), र ३२ सेशनको प्रतिशेसन रु.१५००.० हुनुपर्नेमा रु.४७००.० भुक्तानी भएकोले बढी भुक्तानी प्रति सेशन रु.३२००.० दरले रु.८७०४०.० (करकट्टी पछिको) समेत रु.१३४९८०.० सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु | १३४,९८० |
| ५० | | | **सामाजिक सुरक्षा तर्फ**<br>(क) **लाभग्राहीको नाम दर्ता र नविकरणः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दफा ५ को खण्ड क जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था छ । नगरपालिकाको २ वटा वडा नं (५ र ९) को स्रेस्ता परीक्षण गर्दा अधिकांश लाभग्राहीहरुले समयावधिभित्र नाम दर्ता तथा नविकरण गराएको पाईएन् ।<br>(ख) **Dormat खाताको विवरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ ।राष्ट्रिय वाणिज्य बैंक, सनराइज बैंक, कृषि विकास बैंक र लक्ष्मी बैंक भजनीले नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्न सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंकसँग Dormat खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना हुनुपर्दछ ।<br>(ग) **तोकिएको समयभित्र भत्ता वितरण नगरेकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६(क) बमोजिम स्थानीय तहले प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले कार्यविधिले तोकेको मितिमा पेश्की लिएको तथा समयमा नै वितरण गरी फछ्र्यौट गरेको देखिएन ।<br><table><tr><td colspan="2">प्रथम चौमासिक</td><td colspan="2">दोश्रो चौमासिक</td><td colspan="2">तेश्रो चौमासिक</td></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति |
|---|---|---|---|---|---|
| २०७७।८।१४ | २०७८।३।२६ | २०७८।२।१७ | २०७८।३।२१ | २०७८।२।१७ | २०७८।३।२१ |

(घ) नगरपालिकाको सामाजिक सुरक्षा भत्ता बैक मार्फत भत्ता वितरण भए पनि व्यक्तिलाई नागरिकता नम्बर उल्लेख नगरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ ।तपसिलको व्यक्तिलाई नागरिकता नम्बर उल्लेख नगरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन ।नमुना छनौटको रुपमा परीक्षण गरिएको वडा ५ र ९ मा यस्तो प्रकृति देखिएकोमा केही उदाहरण निम्न छ ।बाँकी वडाको हकमा तहाँ कार्यालयबाट छानविन गरी वास्तविक लाभग्राही पहिचान गरी भत्ता भुक्तानी हुनुपर्दछ ।

| क्र.सं. | भुक्तानी पाउने | वडा नं. | उमेर | भत्ताको प्रकार | चौमासिक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| 1 | छेदी देवि राजी | ५ | ७६ | जेष्ठ नागरिक | तिनटै | ३६००० |
| 2 | फतिराम राजी | ५ | २४ | लोपोन्मुख | तिनटै | ३६००० |
| ३ | प्रकाश राजी | ५ | ३५ | लोपोन्मुख | तिनटै | ३६००० |
| ४ | राम बहादुर राजी | ५ | ३९ | लोपोन्मुख | तिनटै | ३६००० |
| ५ | आसारानी डगौराआ | ९ | ६६ | विधवा | तिनटै | २४००० |
| ६ | खोस्ती डगौरा | ९ | ६४ | विधवा | तिनटै | २४००० |
| ७ | मन्धारा देवि अवस्थी | ९ | ६६ | विधवा | तिनटै | २४००० |
| ८ | चत्रै राजी | ९ | २३ | लोपोन्मुख | तिनटै | ३६००० |
| ९ | देव बहादुर राजी | ९ | २४ | लोपोन्मुख | तिनटै | ३६००० |

(ङ) मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा कट्टा गरेको देखिएन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाइका साथ लागु गर्नु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>बसाइसराई गरी गएकोलाई भत्ता वितरण<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १८ बमोजिम बसाइ सराई गएकोले भत्ता पाउने व्यवस्था छ ।पालिकाको वडा नं ५ को स्थायी ठेगाना भएको जेष्ठ नागरिक पल्टु राम डगौरा मिति २०७७।९।३। बसाँइ सरी गएकोमा निजलाई दोश्रो चौमासिकको मात्र रु३३००।भुक्तानी हुनुपर्नेमा दोश्रो र तेश्रो चौमासिकको रकम पुरै रु२४०००। गरी रु२०७००। बढी भुक्तानी गरेको पाइयो ।बसाँइ सरी गएको ठाउँबाट भत्ता नलिएको प्रमाण पेश हुनपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>२०,७००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानी<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा वार्षिक लेखापरीक्षण योजनाअनुसार यस पालिकाको २ वटा वडा (वडा नं.५ र ९) को सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षण गरेकोमा वडा नं ५ को बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार नगरपालिकामा तिनवटै चौमासिकमा एउटै नागरिकता नम्बरबाट फरक फरक नाम भएका निम्न व्यक्तिलाई भत्ता भुक्तानी भएको छ । अन्य वडामा समेत दोहोरो नागरिकताका आधारमा वितरण भएको हुन सक्ने सम्बन्धमा देखिएकोले छानबिन गर्दै वास्तविक व्यक्ति पहिचान गरी एउटै व्यक्तिलाई भुक्तानी भएको भए रु. ६८४०००। असुल हुनुपर्ने अन्यथा प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>क्र.सं</th><th>नाम थर</th><th>ना.प्र.नं.</th><th>भत्ताको किसिम</th><th>दर</th><th>भत्ता रकम</th><th>बेरुजु रकम</th></tr>
<tr><td>1.</td><td>चुटकनिया देवि डगौरा</td><td>४२१</td><td>जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>2.</td><td>गिता देवि हमाल</td><td>४२१</td><td>विधवा</td><td>८०००</td><td>२४०००</td></tr>
<tr><td>3.</td><td>देखुवा थारु</td><td>४४१</td><td>जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>4.</td><td>ढालु देवि साउद</td><td>४४१</td><td>विधवा</td><td>८०००</td><td>२४०००</td></tr>
<tr><td>5.</td><td>देव सिंह बुढा</td><td>५६५</td><td>जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>6.</td><td>मुडि देवि</td><td>५६५</td><td>लोपोन्मुख</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td>7.</td><td>जानकी डगौरा</td><td>१२२३००१८</td><td>जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>8.</td><td>बन्धिया देवि डगौरा</td><td>१२२३००१८</td><td>एकल महिला</td><td>८०००</td><td>२४०००</td></tr>
</table></td><td>६८४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 9. | झन्त्रु डगौरा | १५० | जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि | १२००० | ३६००० | ३६००० | | |
| | | | | 10. | सारु विश्वकर्मा | १५० | विधवा | ८००० | २४००० | | | |
| | | | | 11. | कल्धारी भण्डारी | ४०६ | जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि | १२००० | ३६००० | ३६००० | | |
| | | | | 12. | पुरेना बहादुर राजी | ४०६ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 13. | कालु देवि साउद | ७९५ | जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि | १२००० | ३६००० | ३६००० | | |
| | | | | 14. | रेवति देवि राजी | ७९५ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 15. | फुलबस्नी देवि डगौरा | १९५ | जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि | १२००० | ३६००० | ३६००० | | |
| | | | | 16. | खिडानी डगौरा | १९५ | विधवा | ८००० | २४००० | | | |
| | | | | 17. | सोम लाल डगौरा | १२२३०८२३ | जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि | १२००० | ३६००० | ३६००० | | |
| | | | | 18. | ज्योति राजी | १२२३०८२३ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 19. | गुमा कामी | ५५७ | जेष्ठ नागरिक दलित | ८००० | २४००० | ३६००० | | |
| | | | | 20. | जित बहादुर राजी | ५५७ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 21. | जालु कामी | १७५ | जेष्ठ नागरिक दलित | ८००० | २४००० | ३६००० | | |
| | | | | 22. | जावा विश्वकर्मा | १७५ | जेष्ठ नागरिक दलित | ८००० | २४००० | | | |
| | | | | 23. | कल्धारी दमाई | ५५८ | जेष्ठ नागरिक दलित | ८००० | २४००० | ३६००० | | |
| | | | | 24. | धान बहादुर राजी | ५५८ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 25. | पार्वति विश्वकर्मा | १४९ | एकल महिला | ८००० | २४००० | ३६००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 26. | जुना देवि राजी | १४९ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 27. | ढालु देवि साउद | ४४१ | विधवा | ८००० | २४००० | ३६००० | | |
| | | | | 28. | सरस्वति देवि साह | ४४१ | विधवा | ६००० | २२००० | | | |
| | | | | 29. | अमृता राजी | २३० | लोपोन्मुख | १२००० | ३६००० | ३६००० | | |
| | | | | 30. | भिम बहादुर राजी | २३० | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 31. | भाजुरी देवि राजी | ६७२०३२६६१० | लोपोन्मुख | १२००० | ३६००० | ३६००० | | |
| | | | | 32. | गोविन्द राजी | ६७२०३२६६१० | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 33. | विष्णु राजी | ३९७९३ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० | | |
| | | | | 34. | कृष्णा राजी | ३९७९३ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 35. | चानी राजी | ७०२ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० | | |
| | | | | 36. | लाल बहादुर राजी | ७०२ | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | 37. | दान बहादुर राजी | ६७२०३२७० | लोपोन्मुख | १२००० | ३६००० | ३६००० | | |
| | | | | 38. | दिल कुमारी राजी | ६७२०३२७० | लोपोन्मुख | १२००० | ३६००० | | | |
| | | | | | जम्मा | | | | | ६८४००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**नगरपालिकाको विवरण भन्दा बढिलाई भत्ता भुक्तानी**

नगरपालिकाको महिला तथा बालबालिका विकास शाखाको विवरण अनुसार नगरपालिकामा रहेको क वर्ग र ख वर्गको अपाङ्गभन्दा बढीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो ।पालिकाको विवरण भन्दा देहायको संख्यामा बढिलाई भुक्तानी भएको भत्ता रु४४०००। सम्बन्धमा यकिन गरी प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

<table>
<tr><td rowspan="2">वडा नं</td><td colspan="5">क वर्गको अपाङ</td><td colspan="5">ख वर्गको अपाङ्ग</td><td>जम्मा बढी रकम</td></tr>
<tr><td>पालिकाअनुसार</td><td>भत्ता वितरण</td><td>बढी</td><td>दर</td><td>रकम</td><td>पालिकाअनुसार</td><td>भत्ता वितरण</td><td>बढी</td><td>दर</td><td>रकम</td><td></td></tr>
<tr><td>५</td><td>६</td><td>७</td><td>१</td><td>१२०००</td><td>१२०००</td><td>१७</td><td>२२</td><td>५</td><td>६४००</td><td>३२०००</td><td>४४०००</td></tr>
</table>

</td><td>४४,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>

**एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानी**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा वार्षिक लेखापरीक्षण योजनाअनुसार यस पालिकाको २ वटा वडा (वडा नं.५ र ९) को सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षण गरेकोमा वडा नं ९ को बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार नगरपालिकामा तिनवटै चौमासिकमा एउटै नागरिकता नम्बरबाट फरक फरक नाम भएका निम्न व्यक्तिलाई भत्ता भुक्तानी भएको छ । अन्य वडा कार्यालयहरुमा समेत दोहोरो नागरिकताका आधारमा वितरण भएको हुन सक्ने सम्बन्धमा देखिएकोले छानबिन गर्दै वास्तविक व्यक्ति पहिचान गरी एउटै व्यक्तिलाई भुक्तानी भएको भए रु.२८८०००। असुल हुनुपर्ने अन्यथा प्रमाण पेश हुनुपर्ने रु

<table>
<tr><th>नाम थर</th><th>ना.प्र.नं.</th><th>भत्ताको किसिम</th><th>दर</th><th>भत्ता रकम</th><th>बेरुजु</th></tr>
<tr><td></td><td>६७३०३००८</td><td>जेष्ठ नागरिक भत्ता ७० वर्ष भन्दा माथि</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>धार्मी देवि बन्तोला</td><td>६७३०३००८</td><td>विधवा</td><td>८०००</td><td>२४०००</td></tr>
<tr><td>सावित्री राजी</td><td>४७७</td><td>लोपोन्मुख</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>बम बहादुर डगौरा</td><td>४७७</td><td>अति अशक्त अपाङ्ग</td><td>६४००</td><td>१९२००</td></tr>
<tr><td>पृथ्वी राजी</td><td>९७०४</td><td>लोपोन्मुख</td><td>१२०००</td><td>३६०००</td><td rowspan="2">३६०००</td></tr>
<tr><td>बबिता कुमारी राजी</td><td>९७०४</td><td>लोपोन्मुख</td><td>१२०००</td><td>३६०००</td></tr>
</table>

</td><td>२८८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| जानी राजी | ३१४ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० |
| भिम बहादुर राजी | ३१४ | लोपोन्मुख | १२००० | ३६००० | |
| कुसमी राजी | ५७६ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० |
| बिना देवि राजी | ५७६ | लोपोन्मुख | १२००० | ३६००० | |
| पल्टी राजी | ६१४ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० |
| माया कुमारी राजी | ६१४ | लोपोन्मुख | १२००० | ३६००० | |
| पहाडी राजी | ३६९ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० |
| सिता राजी | ३६९ | लोपोन्मुख | १२००० | ३६००० | |
| सुक्ला राजी | ५५२ | लोपोन्मुख | १२००० | ३६००० | ३६००० |
| टेक बहादुर राजी | ५५२ | लोपोन्मुख | १२००० | ३६००० | |
| जम्मा | | | | | २८८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **मृत्यु पश्चातको समेत भत्ता वितरण**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम दफा १६(ख) बमोजिम भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था छ । लेखापरीक्षण योजनानुसार नगरपालिकाको २ वटा (वडा नं.५ र ९) श्रेस्ता परीक्षणमा वडाको सामाजिक सुरक्षा भत्ता वितरणमा लाभग्राहीको मृत्यु पश्चात पाउनु पर्ने अवधिको रकम भन्दा देहायको व्यक्तिलाई बढि रकम गएको देखिन्छ ।कार्यविधि विपरीत बढी भुक्तानी भएको रकम रु.१६८७९०। वडाले पुरै सिफारिस गरेको भए सम्बन्धितबाट, बैकमा भए बैकबाट वा बैंकबाट मृत्यु भएको व्यक्तिको बाँकी रकम फिर्ता भएको भए प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १६८,७९० |

| वडा नं | लाभग्राहीको नाम | ना प्र नं | भत्ताको प्रकार | मृत्यु भएको मिति | दर | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | बालविर डगौरा | १२२३३५१ | जेष्ठ नागरिक ७० वर्ष | २०७७।६।२८ | १२००० | ८८०० | ३६००० | २७२०० | तिनवटै | |
| | | | ५ | लल्लु डगौरा | १२२३०२२३ | | २०७७।३।१८ | १२००० | ० | ३०९७ | ३०९७ | प्रथम | |
| | | | ५ | कपुरे साउद | ६७२०३२।४००३७ | | २०७७।५।७ | १२००० | ३७०० | २४००० | २०३०० | प्रथम दोश्रो | |
| | | | ५ | मंसुरी राजी | ८५९ | | २०७७।३।१५ | १२००० | ० | ३६००० | ३६००० | तिनटै | |
| | | | ५ | गुन्हौ डगौरा | १२२३०२५९ | | २०७७।६।१६ | १२००० | ७६०० | २४००० | १६४०० | प्रथम दोश्रो | |
| | | | ५ | महामति बोहरा | २२५ | | २०७७।८।१५ | १२००० | १५०० | ५६९० | ४१९० | दोश्रोको केहि दिन | |
| | | | ५ | झुन्तरी डगौरा | १५० | | २०७७।१०।५ | १२००० | ६५०० | १४९०३ | ८४०३ | प्रथम र दोश्रोमा | |
| | | | ५ | राम सिंह चौधरी | ७०१२३ | | २०७८।३।१३ | १२००० | १०३०० | १२००० | १७०० | तेश्रो पुरा | |
| | | | ५ | लक्ष्मण थारु | ३६७०४ | | २०७७।१२।१४ | १२००० | १४०० | १२००० | १०६०० | तेश्रो पुरा | |
| | | | ५ | देउकला राजी | १७६ | लोपोन्मुख | २०७७।७।८ | १२००० | ९८०० | ३६००० | २६२०० | तिनटै | |
| | | | ९ | कुक्री डगौरा | १९१५९ | जेष्ठ नागरिक ७० वर्ष | २०७७।३।२८ | १२००० | ० | १२००० | १२००० | प्रथम | |
| | | | ९ | बुधनि थरुनि | ४७५ | | २०७८।३।३ | १२००० | ९३०० | १२०० | २७०० | तेश्रो | |
| | | | | जम्मा | | | | | | | १६८७९० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५६ | | | **दोहोरो सरकारी सुविधा**<br>सामाजकि सुरक्षा ऐन २०७५ को दफा १५ बमोजिम कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुवधा पाइरहेको व्यक्ति सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ ।पालिकाको आ व २०७७।०७८ को पुरै चौमासिक सामाजिक सुरक्षाको भत्ता परीक्षण गर्दा पालिकामा देहायको व्यक्ति जनप्रतिनिधि तथा कर्मचारी रहेको छ ।जनप्रतिनिधि तथा कर्मचारीलाई सामाजिक सुरक्षा भत्ता पनि भुक्तानी गरेको पाइयो । ऐन विपरीत दोहोरो सुविधा भुक्तानी भएकोले सम्बन्धितबाट रु१४४००० असुल हुनुपर्ने आव २०७६।०७७को दोश्रो र तेश्रो चौमासिकको सम्परीक्षण बाहेक गत विगतमा पनि पालिकाबाट भुक्तानी भएको जानकारी आएकोले हिसाब यकिन गरी असुल गरी प्रमाण पेश हुनुपर्ने रु | १४४,००० |

| नाम | विवरण | दर | रकम | कैफियत |
| --- | --- | --- | --- | --- |
| बिल्लु राजी | कार्यपालिका सदस्य | १२००० | ३६००० | भजनी नगरपालिका |
| भुन्टे राजी | | १२००० | ३६००० | |
| आरमन राजी | स्थायी कर्मचारी अ स ई घोडाघोडि नगरपालिकामा कार्यरत | १२००० | ३६००० | २०७६ पुषमा नियुक्ति |
| जितराम राजी | ज्यालादारी कर्मचारी | १२००० | ३६००० | २०७५।११।१ देखि नियुक्ति |
| | जम्मा | | १४४००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>पेन्सनरलाई भत्ता भुक्तानी<br><br>:<br>राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले पालिकाको लग इन आइडमा स्थानीय तहले लगत कट्टा गर्नुपर्ने भनि जम्मा ४७ पेन्सनरहरुको नाम राखिएकोमा पालिकाले लगत कट्टा नगरी विभिन्न चौमासिकको भत्ता भुक्तानी गरेको देखियो ।यस सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग सोधपुछ गर्दा पेन्सनरको लिस्टमा रहेको व्यक्तिहरु पेन्सनर हो होइन सम्बन्धमा यकिन आधार पेश गर्न सकेन ।लेखापरीक्षण योजनानुसार नगरपालिकाको २ वटा वडा नं. ५ र ९ को श्रेस्ता परीक्षणमा पालिकाले पेन्सनरहरुलाई भत्ता भुक्तानी गरेको व्यक्ति वास्तविकमा पेन्सनर होइन भने प्रमाण पेश गर्नुपर्ने अन्यथा पेन्सनर भएर पनि भत्ता भुक्तानी भएमा पेन्सनरबाट रु१४८८००। असुल हुनुपर्दछ ।अन्य वडामा बाँकी ४२ जनालाई भत्ता भुक्तानी हुने सक्ने सम्बन्धमा छानबिन गरी भत्ता भुक्तानी भएको पाइएमा असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु
<table>
<tr><th>वडा नं</th><th>नाम</th><th>ना प्र नं</th><th>भत्ताको प्रकार</th><th>दर</th><th>जम्मा रकम</th></tr>
<tr><td rowspan="4">५</td><td>चुलिया डगौरा</td><td>१२२३०३१३</td><td>जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td>रेनु चमार</td><td></td><td>दलित बालबालिका</td><td>१६००</td><td>४८००</td></tr>
<tr><td>आरोसी राजी</td><td></td><td>लोपन्मुख जाति</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td>नवल राजी</td><td>१७९२</td><td>लोपन्मुख जाति</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td>९</td><td>लबरु डगौरा</td><td>४६३९०२२२</td><td>जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)</td><td>१२०००</td><td>३६०००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td></td><td>१४८८००</td></tr>
</table></td><td>१४८,८००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>शिक्षक पारिश्रमिक</td><td></td></tr>
<tr><td>५८.१</td><td>२४८</td><td>२०७८-३-२</td><td>वढी तलब भुक्तानीः- २४८-३।२ शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले माध्यमिक तहका शिक्षक श्री विद्या प्रसाद भट्टको आ.व. २०७२।७३ को छुट तलब भत्ता सर्वोच्चको ०७३-WO-०४१३ को रिट तथा मिति २०७७ साल असार १८ को फैसला अनुसार २०७२ श्रावण देखि २०७३ असार सम्मको तलब भत्ता भुक्तानी भएकोमा निजको प्रमाणित तलब अनुसार ३७२९२४।- हुनुपर्नेमा ३९६७००।– भुक्तानी भएकोले बढि भुक्तानी रकम रु.२३७७६।– असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>२३,७७६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.२ | | | **एकमुष्ट अनुदानमा सञ्चालित विद्यालयमा थप अनुदानः-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत गरिएको वार्षिक एकमुष्ट अनुदानमा विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को बुँदा नं. ८ अनुसार यस्तो अनुदान प्राप्त गर्ने विद्यालयले दुइ शिक्षक, एक बाल विकास सहजकर्ता, एक विद्यालय सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदानमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयमा एकमुष्ट अनुदान उपलब्ध गराएकोमा कार्यविधि अनुसार विद्यालय १ जना बालविकास सहजर्ता र १ जना विद्यालय सहयोगीको व्यवस्था सोही अनुदान मार्फत विद्यालयले गर्नुपर्नेमा पुन पारिश्रमिक शिर्षकबाट अनुदान उपलब्ध गराएकोले दोहोरो भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु. | २७३,००० |

| विद्यालयको नाम | बालविकास सहजकर्ता पारिश्रमिक | विद्यालय सहयोगी | जम्मा दोहोरो रकम |
|---|---|---|---|
| बाबा इभान आ.वि. भजनी ८ | ७८०००.० | ५८५००.० | १३६५००.० |
| बाल उद्यान प्रा.वि. भजनी ६ | ७८०००.० | ५८५००.० | १३६५००.० |
| जम्मा | | | २७३०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.३ | | | **बढी ग्रेड भुक्तानीः-** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । नगरपालिकाले देहायका शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ता भुक्तानी गर्नुपर्नेमा देहायबमोजिम श्रावण देखि चैत्र महिना सम्म ग्रेड बापतको रकम रु.२३५४०.० बढि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | २३,५४० |

| विद्यालय | शिक्षक | हुनुपर्ने ग्रेड | भएको ग्रेड | दर | वार्षिक जम्मा | १०% सञ्चय कोष | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| महुन्याल मा.वि. | राज किशोर लाल कर्ण | ६ | ७ | १२००.० | १२०००.० | १२००.० | १३२००.० |
| महेन्द्र मा.वि. | नन्द कृष्ण न्यौपाने | ६ | ७ | ९४०.० | ९४००.० | ९४०.० | १०३४०.० |
| जम्मा | | | | | २१४००.० | २१४०.० | २३५४०.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **स्वास्थ्य तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५९.१ | ३६१ | २०७८-३-२४ | **शिर्षक फरक पारी रकम स्वास्थ्य पारिश्रमिकः-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोभिड-१९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्य कर्मी लगायतको २०७८ असार मसान्तसम्मको पारिश्रमिक शिर्षकबाट ८ जना स्वास्थ्य कर्मीलाई हाजिरि विवरणको आधारमा रात्रिकालिन सेवा वापत रु.१९३३२४.० र अन्तरंग सेवा प्रवाह गरेको रकम रु.१४१२७०.० समेत जम्मा रु.३३४५९४.० पालिका तर्फबाट भुक्तानी हुनुपर्नेमा शसर्त अनुदानबाट भुक्तानी भएकोले भुक्तानी रकम रु.३३४५९४.० संघिय संचितकोषमा सोधभर्ना हुनुपर्ने रु. | ३३४,५९४ |
| ५९.२ | | | **स्वास्थ्य वढी ग्रेडः-** निजामति सेवा ऐन, २०४९ को दफा ७(ख) अनुसार जिल्ला स्थित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरि सोही अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले स.अ.न.मी. पाँचौ श्री जानकी कुमारि चौधरीलाई श्रावण, भाद्र, असोज र पर्व खर्चमा पारित तलबी प्रतिवेदन अनुसार ५ ग्रेड भुक्तानी गर्नुपर्नेमा ७ ग्रेड भुक्तानी गरेकोले बढि ग्रेड वापतको रकम रु.४९८२.० असुल गरि दाखिला गर्नुपर्ने रु.<br>त्यस्तै हे.अ. श्री जित बहादुर चौधरीको मेल्लेख गाउँपालिकाको च.नं. २४७ मिति २०७६।६।१० को पत्रअनुसार रमाना भइ हाजिर भएकोमा निजको रमाना पत्रमा निजको ग्रेड १८८०।– हुने उल्लेख भएकोमा निजको समायोजन सहित ४ र ग्रेड वृद्धि मिति जेष्ठ भएकोमा निजको २०७७ श्रावण मसान्तको ग्रेड ५ रकम रु.४७०० हुनुपर्नेमा रु.६५८१.० भएकोले बढी रकम भुक्तानी रु.२६६९६.० असुल गरि दाखिला गर्नुपर्ने रु. | ३१,६७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.३</td><td></td><td></td><td>औषधि खरिदः-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) मा पचास लाख रुपैया सम्मकोऔषधिजन्य मालसामान खरिद गर्दा शिलवन्दी दरभाउपत्र आह्वान गरि खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले कोटेशन माग गरी देहायबमोजिम रु.२८३९३५३.० बराबरको औषधी तथा औषधिजन्य सामाग्री सोझै खरीद गरेको छ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>आपूर्तिकर्ता</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३९-८।२१</td><td>व्रह्मशक्ति आयुवर्द फर्मा धनगढी</td><td>४९५६८७.०</td><td></td></tr>
<tr><td>३६५-३।२५</td><td>हरिभक्त मेडिटेक सप्लायर्स</td><td>११६२८२२.०</td><td></td></tr>
<tr><td>३६६-३।२५</td><td>अरोमा मेडिको फर्मा</td><td>११८०८४४.०</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८३९३५३.०</td><td></td></tr>
</table>
औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि निशुल्क वितरणको भएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गर्न सकिदैन । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९.४</td><td></td><td></td><td>दरन्दीभन्दा बढी कर्मचारीः पालिकाले स्वास्थ्य तर्फका स्थायी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी बमोजिमका कर्मचारीलाई मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्वीकृत दरबन्दी तेरिज अनुसार यस नगरलिका अन्तर्गत ३ स्वास्थ्य चौकी र १ प्राथमिक स्वास्य केन्द्र रहेकोमा सोही अनुसार जम्मा ३१ जना मात्र स्वास्थ्य कर्मचारीलाई कामकाज गराउनु पर्नेमा पालिकाले ३६ जना कर्मचारीलाई कामकाज गराएको छ । जस अनुसार पालिकामा ४ जना पाचौँ तहको र १ जना चौथो तहको कर्मचारी दरबन्दी भन्दा बढी कार्यरत रहेको देखिन्छ । दरबन्दी भन्दा बढी कर्मचारी काममा लागाउँदा पालिकालाई बार्षिक रु.१८१२३३०.० थप व्यायभार पर्ने गरेको छ । अत स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी सरुवा गर्ने तथा दरबन्दी बाहिरको कर्मचारीलाई हाजिर गराइ कामकाज गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.५</td><td></td><td></td><td>पारिश्रमिक करः- आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगारीबाट प्राप्त आयको गणना गर्दा नेपालमा श्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुचि १ बमोजिमको दरले करकट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायबमोजिमका पदाधिकारीको कम करकट्टी गरि भुक्तानी गरेकोले नपुग कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>कर योग्य आय</th><th>लाग्ने कर</th><th>तिरेको कर</th><th>नपुर कर</th></tr>
<tr><td>सि.अ.हे.व. छैठौ किर्ति सिंह वि.क.</td><td>५९५४८२.०</td><td>१९५९६.०</td><td>१७८३६.०</td><td>१७५९.०</td></tr>
<tr><td>सि.अ.हे.व. छैठौँ कैलाश बहादुर डगौरा थारु</td><td>५३९३३४.०</td><td>११४३३.०</td><td>४८१३.०</td><td>६६२०.०</td></tr>
<tr><td>सि.अ.न.मी. छैठौँ शान्ति बलम्पाकी</td><td>४९६३६२.०</td><td>७१३७.०</td><td>५९६४.०</td><td>११७३.०</td></tr>
<tr><td>सि.अ.हे.व. छैठौ डिल्लीराज जोशी</td><td>५९५४८२.०</td><td>१९५९६.०</td><td>१७८३६.०</td><td>१७५९.०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>११३११.०</td></tr>
</table></td><td>११,३११</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>कृषि तथा पशु सेवा</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>पशु पकेट कार्यक्रमः- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार पशु पकेट कार्यक्रम अन्तर्गत बंगुर र माछा पालन कार्यलाई पकेटको रुपमा कार्यक्रम गर्ने गरि निर्णय गरि मिति २०७७।११।१६ मा इच्छुक कृषकलाई कार्यक्रममा आवद्ध हुनको लागि २० दिने सुचना प्रकाशन गरेकोमा स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिको मिति २०७८।३।१० को निर्णय अनुसार १४ वटा समूह बंगुर पकेट कार्यक्रममा र २३ वटा समुह/फर्म लाई माछा पकेट कार्यक्रममा सहमागि गराउने निर्णय भएको गरेको छ । तर उक्त निर्णय विपरित वंगुर पालनको लागि त्रिशक्ति बंगुर पालन समिति र माछा पालनको लागि एकिकृत साना माछा पालन समूह छनौट गरी क्रमश रु.१० लाख र रु.१५ लाखमा समितिको छनौटको आधार, छनौटको निर्णय, के कार्यक्रम गर्ने हो त्यसको प्रस्तावना, कार्ययोजना, गर्नुपर्ने कार्य लगाएतको विवरण नभएको नै संलग्न नगरी सोझै सम्झौता गरि रकम भुक्तानी गरेको छ । समितिले पेश गरेको विल भर्पाइको आधारमा भएको खर्चबाट अपेक्षित रुपमा पकेट निर्माण भएकोमा एकिन हुन सकिदैन । अतः समिति छनौटको आधार, गरेको कार्य, प्राप्त प्रतिफल लागएत अनुगमन गरि रकम तोकीए बमोजिम भएको एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२,५००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.२ | ३८९ | २०७८-३-२७ | **सुधारिएको चुलो वितरण कार्यक्रमः**- ३८९-३।२७- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सुधारिएको चुलो(वायोग्यास) प्रविधि जडान कार्यक्रममा बायुपंखी सुधारिएको चुल्हो २० थान रु.९७७५।– दरले रु.१९७५००.० मा खरिद गरेकोमा उक्त चुल्हो क-कसलाई वितरण गरेको हो र वितरण गर्दा के आधारमा वितरण भएको सो खुल्ने आधारसहितको वितरण भर्पाइ पेश नभएकोले वितरण भर्पाइ पेश गर्नुपर्ने रु.१९७५००.० | १९७,५०० |
| ६०.३ | | | **कृषि पकेट कार्यक्रमः**- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ । पालिकाले म्यानुअलले गरेको व्यवस्था अनुसारको मापदण्ड बमोजिम कृषक छनौटको लागि सुचना प्रकाशन लगाएतको प्रक्रियबाट गहुँ पकेट- ३ वटा, आलु पकेट- १, धान पकेट- २, बदाम पकेट-२ गरि ८ वटा पकेट कार्यक्रममा रु.१६१३४१३। खर्च गरेको छ । पकेट कार्यक्रममा अधिकांस रकम विउ, वोरिङ्ग, अन्य कृषि औजार खरिद गरि विरणको आधारमा खर्च लेखेको छ । कार्यक्रमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन । अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६१ | | | **पदाधिकारि सुविधा तर्फ** | |
| ६१.१ | | | **वडा कार्यालय वैठक भत्ता वढी दरमा भुक्तानीः**- पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । पालिकाले वडा नं. ५ को वडा कार्यालयको बैठक भत्ता भुक्तानी गर्दा श्रावण र भाद्र महिनको २।२ वटा गरी ४ वैठकको बैठक भत्ता दर रु.१०००.० का दरले रु.२४०००.० भुक्तानी गर्नुपर्नेमा रु.१५००.० दरले रु.३६०००.० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु.१०२००.०(१५ प्रतिशत करकट्टी पछी) भुक्तानी लिने वडा सचिव श्री उत्तम कुँवर मार्फत असुल गरि दाखिला गर्नुपर्ने रु | १०,२०० |
